国家级教学成果二等奖系列教材

印度语言文学国家级特色专业建设点系列教材

# छानिएका आधुनिक नेपाली साहित्यिक रचना

# 尼泊尔现当代文学作品选读

王　宗◎编著




世界图书出版公司

国家级教学成果二等奖系列教材
印度语言文学国家级特色专业建设点系列教材

छानिएका आधुनिक नेपाली साहित्यिक रचना

# 尼泊尔现当代文学作品选读

王　宗◎编著



世界图书出版公司
广州·上海·西安·北京

图书在版编目（CIP）数据

尼泊尔现当代文学作品选读 / 王宗编著．—广州：世界图书出版广东有限公司，2017.1

ISBN 978-7-5192-1842-3

Ⅰ．①尼… Ⅱ．①王… Ⅲ．①尼泊尔语—阅读教学—高等学校—教材 ②文学—作品—介绍—尼泊尔—现代 Ⅳ．①H725.94：I

中国版本图书馆CIP数据核字（2016）第215853号

书　　名　尼泊尔现当代文学作品选读
　　　　　NIBOER XIANDANGDAI WENXUE ZUOPIN XUANDU
编 著 者　王　宗
策划编辑　刘正武
责任编辑　张梦婕
装帧设计　吴伟边
出版发行　世界图书出版广东有限公司
地　　址　广州市新港西路大江冲25号
邮　　编　510300
电　　话　020-84451969　84453623　84184026　84459579
网　　址　http://www.gdst.com.cn
邮　　箱　pub@gdst.com.cn
经　　销　各地新华书店
印　　刷　广东天鑫源印刷有限责任公司
开　　本　787mm × 1092mm　1/16
印　　张　21
字　　数　450千
版　　次　2017年1月第1版　2017年1月第1次印刷
国际书号　ISBN 978-7-5192-1842-3
定　　价　48.00元

版权所有　侵权必究
（如有印装错误，请与出版社联系）

# 编者的话

《尼泊尔现当代文学作品选读》为解放军外国语学院亚非语系主任、博士生导师钟智翔教授主持的国家级教学成果二等奖系列教材之一，也是国家外语非通用语种本科人才培养基地暨印度语言文学国家级特色专业建设点建设教材。

《尼泊尔现当代文学作品选读》以尼泊尔现当代文学的发展演进为骨架，以尼泊尔文学运动及文学流派的消涨起伏为线索，精选了尼泊尔语文学史上著名作家的28篇作品，编为28课。体裁上按照故事（短篇小说）、诗歌、戏剧、小说（长篇节选）四个模块进行编排。故事是尼泊尔语新时期文学的重要代表，诗歌是尼泊尔语文学的历史传承，戏剧是尼泊尔语文学的现实表达，因此本书对这些文学体裁进行了专门的介绍，并选取了最具代表性的作家作品作为范文。自20世纪90年代以来，随着尼泊尔社会制度的变迁及激烈的社会运动的影响，尼泊尔文学创作也出现了新的局面。尼泊尔反政府武装起义的和平解决及和平进程的平稳推进，为尼泊尔当代反讽文学、反思文学、战争文学的发展提供了肥沃的土壤。本书选编的尼泊尔现当代文学各个时期的代表性作品，以创作（发表）年代为序，同时兼顾语言特点、文字难度、篇幅容量进行编排，以便能够使读者更加全面、客观地了解现当代尼泊尔语文学的发展脉络和发展概貌。

《尼泊尔现当代文学作品选读》每课内容由作品导读（रचना परिचय）（作家介绍）、原文欣赏、难点词汇注释、作品分析及练习思考等几部分组成。作家介绍主要包括作家的生平和创作道路、时代背景、重要著作及影响等；作品导读（रचना परिचय）部分重点介绍了选文的内容要点、主旨及创作特色，以帮助学生理解原文。每课课后附作品分析、人物分析，以帮助学生领悟原文精要。此外，篇末还附有思考与练习。解放军外国语学院尼泊尔语专业自1959年创办以来，十分注重学生文学素养的养成。我们希望通过对本教材的学习，学习者可以开阔文学视野，提高文学素质，提高文学鉴赏和阅读理解的能力。

《尼泊尔现当代文学作品选读》作为尼泊尔语专业本科教材，适合本科三、四年级“尼泊尔语文学”课使用，也可以作为研究生“尼泊尔语文学鉴赏”课的基础教材。教师在使用过程中可以根据本校实际情况对课时安排做适当调整。同时，本教材亦可供具有中等以上水平的自学者和尼泊尔语文学爱好者阅读使用。

《尼泊尔现当代文学作品选读》在编选过程中，得到了解放军外国语学院亚非语系教

材建设委员会及中国出版集团世界图书出版广东有限公司的大力支持，中国传媒大学邢云老师也提供了部分文学素材，在此谨一并表示诚挚的谢意。由于编者水平有限，素材获取渠道受限，篇目选编未必妥当，谬误之处在所难免，恳请学界专家、同仁和广大读者不吝批评指正。

编　者

2016年8月

于解放军外国语学院



此为试读，需要完整PDF请访问：www.ertongbook.com

# 目 录

编者的话……1

第一节 尼泊尔故事（नेपाली कथा）……1

पाठ १. नासो……1
पाठ २. दोषी चस्मा……15
पाठ ३. बितेका कुरा……25
पाठ ४. लोग्ने……40
पाठ ५. लक्ष्मीपूजा……50
पाठ ६. लाहुरे भैंसी……60
पाठ ७. जयमाया आफूमात्र लिखापानी आइपुगी……74
पाठ ८. मृगतृष्णा……89
पाठ ९. छिँडीभरिको आकाश……102

第二节 尼泊尔诗歌（नेपाली कविता）……110

पाठ १०. प्रश्नोत्तर……111
पाठ ११. किन चाहियो?……120
पाठ १२. गौथलीको चिरिबिरी（1）……124
पाठ १३. जङ्गी निशान हाम्रो……134
पाठ १४. यात्री……138
पाठ १५. असार……147
पाठ १६. ओखलढुङ्गा……150

第三节 尼泊尔戏剧（नेपाली नाटक）……159

पाठ १७. ज्ञान मर्दछ हाँसेर रोई विज्ञान मर्दछ！……159
पाठ १८. सत्ताको खोजमा……166
पाठ १९. सम्झौतामा अटाउँदैन प्रतिभा……177
पाठ २०. मसान……188

第四节　尼泊尔小说（नेपाली उपन्यास）……207

पाठ २१. माइतघर ……209
पाठ २२. शिरीषको फूल ……227
पाठ २३. ज्याक्सन हाइट ……245
पाठ २४. सिपाहीकी स्वास्नी ……260
पाठ २५. छापामारको छोरा ……271
पाठ २६. साथीको एक दिन ……279
पाठ २७. उसको लोग्ने र बिरालो ……297
पाठ २८. युद्धभित्रको प्रेम ……319

# 第一节 尼泊尔故事（नेपाली कथा）

尼泊尔故事（कथा）源远流长，内容丰富，是尼泊尔文学宝库中一个重要的组成部分。长期以来，在尼泊尔民间流传着不少有关神灵的故事及各种各样的寓言故事，这些故事大都以口头形式流传下来。20世纪50年代以后，部分有识之士开始把流传于民间的故事加以收集整理。其中最著名的收集作家是克鲁纳克尔·贝迪亚。他曾出版《尼泊尔寓言故事集》、《尼泊尔民间故事集》等多部故事集。他的寓言故事集曾获得1968年联合国儿童基金会奖。

随着20世纪上半叶尼泊尔语文学刊物的涌现，以《文艺女神》（शारदा）杂志、《廓尔喀报》等报刊杂志为载体，尼泊尔语原创故事（短篇小说）也如雨后春笋般快速发展。大批诗人、文学家都投入到故事的创作中来。这些故事题材多样，以尼泊尔社会为背景，鞭挞黑暗，批判社会的不公和陋习，呼吁社会改革和改良。比较著名的作家有：古鲁普拉萨德·麦纳里（गुरूप्रसाद मैनाली）、比什维什瓦尔·普拉萨德·柯伊拉腊（विश्वेश्वर प्रसाद कोइराला）、鲁帕纳拉阳·辛格（रूपनारायण सिंह）、普什卡尔·沙姆谢尔（पुष्कर शमशेर）、拉麦士·维克尔（रमेश विकल）、英德拉·巴哈杜尔·拉伊（इन्द्रबहादुर राई）、帕瓦尼·比丘（भवानी भिक्षु）、维杰·马拉（विजय मल्ल）、郭宾德·巴哈杜尔·马拉（गोविन्द्रबहादुर मल्ल ‘गोठाले’）等等。这些作家的文学创作可谓流派纷呈，心理分析、现实主义、实证主义、浪漫主义等文学流派都得到了展现的机会，为尼泊尔语现代文学的发展奠定了坚实的基础，极大地丰富了尼泊尔语文学宝库。

## पाठ १. नासो

—— गुरूप्रसाद-मैनाली

### 作品导读（रचना परिचय）

古鲁普拉萨德·麦纳里（गुरूप्रसाद मैनाली：1900—1971），生于尼泊尔巴格马迪区卡普雷帕兰乔克县的一个叫坎普尔的小村庄。由于其从事司法工作，经常有到全国各地出差的机会，对尼泊尔社会有比较深入的了解，这些对他的文学创作产生了积极的影响。

麦纳里的故事《寄放》（नासो）创作于1929年，发表在1935年6月出版的《文艺女神》（शारदा）杂志上。该故事的发表，标志着尼泊尔文学创作进入现代时期，也使得麦纳里成为尼泊尔文学现代时期的一个代表人物而闻名于世，他因此被称为尼泊尔语现代“第一故事家”。1963年，麦纳里集结了11篇故事以《寄放》为名出版了故事集。《稻谷之火》（परालको आगो）、《邻居》（छिमेकी）、《假期》（विदा）从不同的角度，刻画了尼泊尔社会的方方面面。《不幸之人》（अभागी）、《恶果》（पापको परिणाम）、《忏悔》（प्रायश्चित）、《焚尸的火焰》（चिताको ज्वाला）、《返回》（प्रत्यागमन）、《烈士》（शहीद）、《责任》（कर्तव्य）等也生动地反映了尼泊尔社会的真实场景。这些故事集中反映了尼泊尔社会中家庭的矛盾冲突、经济的艰难拮据、社会上的人情冷暖，都是上乘之作，得到了尼泊尔文学界的很高评价和认可。麦纳里的故事除了反映社会、经济及家庭问题外，还体现了他浓浓的家国情怀，其代表作就是《烈士》。这些故事开始都以现实主义推动故事情节的发展，最后又都以圆满的大结局收尾，体现了作者理想主义的创作思路，甚至不时还有道德说教的因素时隐时现。

麦纳里的文学创作深受印度作家普列姆·昌德的影响，但他的故事却具有浓浓的尼泊尔本土味道。麦纳里的故事语言简练，刻画人物生动有趣，尼泊尔语的俗语和谚语的适当运用，使其故事具有很强的可读性。

麦纳里的故事主要以尼泊尔农村社会为背景，故事人物具有鲜明的代表性，同时他的创作又具有理想化的现实主义倾向。故事中有对弱者的悲悯和同情，也有对兄弟间为争夺遗产争吵不休的批判；既有对妻妾间争风吃醋的描写，又有对由于没有子嗣而产生的精神焦虑的刻画；既有对尼泊尔妇女低下的社会地位表达同情和不满，又有对下层阶级遭受的苦难的悲悯和呐喊。

## पाठ्य कथा – नासो

-१-

घरमा चञ्चला श्री भईकन पनि देवीरमणका सन्तान थिएनन्। सन्तान होस् भन्नाका निमित्त हरएक उपाय गरे। चौतारो चिने, बाटो खने, पशुपतिमा महादीप बाले, गए साल हरिवंश पुराण लगाए, तैपनि सुभद्राको कोख सफल हुन सकेन। जोरीपारीसँग ठोकाबाजी पर्दा धन, बल, बुद्धि सबै कुरामा देवीरमणको जीत हुन्थ्यो तर "अपुतो" भनेको सुन्ने बित्तिकै उनको अभिमान धूलो हुन्थ्यो, आत्मग्लानिले पानी हुन्थे। पुराना विचारका मानिस थिए, सन्तान बिना आफ्नो वैभवलाई तुच्छ सम्झन्थे।

बिचरी सुभद्रा पनि खिन्न थिइन्। छिमेकका आइमाईले छोरा-छोरी खेलाएको देखेर उनलाई रहर लाग्थ्यो। सन्तानका आशाले सरल नारीस्वभाववश धामी झाँक्रीको बुटी-जन्तर बाँधिन्, देवी-देवताका भाकल गरिन्। तीर्थ, ब्रत, पूजा-पाठ पनि गरिन्। तर दैवले नसुनिदिएपछि कसको के लाग्दो रहेछ र?

ज्योतिषहरू देवीरमणलाई अर्को विवाह गर्न सल्लाह दिन्थे। परन्तु सुभद्राको आदेशबिना अर्को विवाह गर्न सक्तैनथे। सुभद्रा बहुतै पतिपरायणा रमणी थिइन्। आजसम्म कहिल्यै उनले देवीरमणको चित्त दुखाइनन्, मनको कुरा जानेर सेवा गर्थिन्। सुभद्रा दुलही भएर आउँदाको बखतको भयंकर दुःख अहिलेसम्म पनि देवीरमणका आँखाका सामु नाचिरहेको थियो। उ अवस्था सम्झँदा गहभरि आँसु हुन्थ्यो। सुख-दुःखकी साथी भएर कङ्गाल देवीरमणलाई सुभद्राले धनवान बनाइन्। अहिले सन्तानका निम्ति सौता हालिदिएर कसरी कृतघ्न बनून्?

-२-

फागुन महिनाको बिहान पखको सिरेटो मुटु छेड्ला भने जस्तो गर्थ्यो। देवीरमण मण्डपमा बसेका थिए। नयाँ दुलही पनि एकै आसनमा थिइन्। ब्राह्मणहरू ऋचा पढेर अग्निमा आहुति दिइरहेका थिए। प्रारब्धले यो उमेरमा उनलाई फेरि दुलहा बनायो। एक दिन यस्तै रीतसँग उनले सुभद्राको पाणिग्रहण गरेथे। सुभद्राको आदेश पाई हो वा नपाई हो आज उनले अघिकै कृत्यलाई फेरि दोहर्याए। यसबाट उनको भलो-कुभलो के हुने हो यस कुराको उनैलाई पनि केही ज्ञान थिएन। बाह्र वर्षकी अबोध बालिकालाई ल्याए उनी शून्य आकाशमा कल्पनातीत मनोमन्दिर निर्माण गर्न खोज्थे। शायद ब्रह्मवादीहरू त्यसैलाई आशा-पाश या मृगतृष्णा भन्छन् क्यारे?

अस्तु, करले होस् वा आन्तरिक प्रेरणाले होस्, उनले विवाहविधि समाप्त गरे। दुलही अन्माउने बेलामा कन्यापक्षका मानिसले रुँदै दुलहीलाई डोलीमा हालिदिए। दुलही पनि डोलीभित्र रुन लागिन्। त्यस बखत देवीरमणलाई साह्रै नरमाइलो लाग्यो। बाटामा बरियातहरू परस्पर ग्रामीण ठट्टा गरेर खित्का छोडी हाँस्थे, परन्तु देवीरमणका कपालमा अर्कै विचारको द्वन्द्व हुन लागेको थियो। मनमनले भने- "के सुभद्राले साँचो मनले सल्लाह दिएको हो? सम्मति दिँदा किन अर्कोपट्टि फर्केर हुन्छ भनेकी त? मेरो ज्यादा आग्रह देखेर हुन्छ भनेकी त होइन? ओहो। मानिसहरू आफ्नो तीव्र इच्छामा अरूको सम्मतिलाई कसरी जबरजस्ती तान्छन्। छिः। सुभद्राको आजीवन सेवाको पुरस्कार यही हो? म के गरूँ, मलाई के दोष? सन्तान बिना स्वर्गको बाटो छेकिन्छ भन्ने हिन्दू धर्म जानोस्। भोगको लालसाले होइन धर्मका आज्ञाले विवाह गरेको हुँ।" यस्तै तर्क गरेर चित्त बुझाउने कोशिश गर्दैथे।

बरियात देवीरमणका घरनेर पुग्यो। गाउँले छिमेकीहरू चौतारामा रमिता हेरिरहेका रहेछन्। देवीरमणले एक-एक गरी नियालेर हेरे, त्यो हूलमा सुभद्रालाई देखेनन्। बल्ल उनको छातीबाट ढुंगो पन्छियो। आज देवीरमणको गति त्यस बालक छात्रको जस्तो थियो जो पहिलो दिनको पाठ बिर्सेर अबेला गुरूकहाँ पुग्दछ, अथवा त्यस अपराधीको जस्तो थियो जो परिचित मानिसलाई देखेर लुक्न खोज्दछ।

छिमेकीसँग कुरा गर्नाको बहानाले उनी केही पछि भए, जाँदा दुलही भित्र्याइसकी सुभद्रा दमाई डोलेहरूलाई ज्याला बाँड्न लागेकी रहिछन्। देवीरमणको हृदय गद्‌गद भयो, मनमनले भने — "सुभद्रा स्वर्गकी देवी हो, व्यर्थै किन शंका गरें? छिः मानिसहरू आफ्नो कामले कसरी आफैं तर्सन्छन्।"

पाहुना-पासासँग कुराकानी गरेर देवीरमण अबेला कोठामा सुत्न गए। पानसमा कडुवा तेलको बत्ती

बलिरहेको थियो। नयाँ दुलही खाटमनि ओछ्यानमा सुतेकी थिइन्। देवीरमण खाटमा पल्टे, उस ठाउँमा सुभद्राको ओछ्यान देखेनन्। अघि सुभद्राको ओछ्यान देवीरमणको खाटमनि हुन्थ्यो। आज उस ठाउँमा नदेख्दा बीसौं वर्षदेखि सुतिरहेको कोठा पनि देवीरमणलाई नौलो जस्तो लाग्यो। एक छिनपछि गृह-कृत्य समाप्त गरेर सुभद्रा कोठामा पसिन्, देवीरमणको गोडा मिच्न लागिन्। यो उनको दैनिक काम थियो। सुभद्रा यसमा कहिल्यै त्रुटि हुन दिन्नथिन्। देवीरमणले भने- "सानु, तिम्रो ओछ्यान खोइ नि?"

"पल्लो कोठामा छ।"

"किन पल्लो कोठामा सारेको?"

"भोलि एकादशी हो, सबेरै गण्डकी नुहाउन जान्छु।"

"म पनि उहीं सुत्छु।"

"उस्। यहीं सुत्न भए पनि हुन्छ।"

थाकेर आएका देवीरमणलाई चाँडै निद्रा पर्‍यो। आफ्नो दोलाइ सौतालाई खापेर सुभद्रा पल्लो कोठामा गइन्। मधुरो बत्तीको धमिलो उज्यालोमा नौली घर्तिनी पात गाँसिरहेकी थिई। नौली देवीरमणकी पुरानी चाकर्नी हो। नौलीको उमेर झण्डै सुभद्रासँग मिल्थ्यो। ८२ सालमा स्वर्गबासी महाराज चन्द्रशमशेर जंगबहादुर राणाका करुणाले दास जीवनबाट मुक्त भएकी थिई। घरकी पुरानी चाकर्नी हुनाले देवीरमणले नौलीको मोल लिएनन्, आफू खुशी भएपनि नौलीले घर छोडिन। नौली सुभद्राको बालक कालदेखिकी सुख-दुःखीकी साथी थिई। विधाताले सुभद्राको निमित्त नौलीरूपी एउटा दुःख पोख्ने भाँडो दिएका थिए। दुवैमा घनिष्ठ प्रेम थियो। नौलीले पात गाँस्दै भनी- "बजै, आज ता साह्रै नरमाइलो लाग्यो होला?"

"किन नौली, किन त्यसो भनिस्? नरमाइलो लाग्नुपर्ने कुरा के छ र?"

"तैपनि, सौता भनेको मुटुको बह हो, आजै ओछ्यान छोड्नुपर्‍यो। भोलि घरै छाड्नुपर्छ कि जानिसक्नु छ र।"

"छोड्नुपरे छोडिदिउँला, कुन दौलतको चैन गरेकी छु र? एक पेट खस्रो-मसिनो खाएर, दिन रात बुहार्तन् सहेकी छु। जुठो चूह्लो गरिदिई जसले पनि एक गाँस खान दिन्छ। तर सोझी जस्ती छ, पस्नेबित्तिकै ढोगिदिई।"

"सिकाएको हुँदो हो बजै। कुनै दिन नौलीले भनिथी भन्नुहोला। सोझो बांगिन केही बेर लाग्दैन, अलि दिनपछि बाजेको टुपी समाउनेछिन्।"

"जेसुकै होस्, ईश्वरले बीसासय आयु गरिदिऊन्, फलेफुलेको देख्न पाइयोस्, सन्तान भए करले पनि एक अँजुली पानी देला, यिनका हातकाखमा सास जाओस्, सबभन्दा ठूलो सन्तोष यही हो, नौली।"

-३-

तीन-चार वर्षपछिको कुरा हो। एक दिन घरमा बसेर सुभद्रा छोरालाई भात खुवाइरहेकी थिइन्। सुशीलचाहिँ आँगनमा चरिरहेका परेवालाई पक्रने कोशिशमा थियो। सुशील मुख बाउँदै दौडेर आउँथ्यो। सुभद्रा गाँस मुखमा हालिदिन्थिन्, बालक फेरि दौडेर परेवातिर जान्थ्यो। ती मूक पक्षीहरू पनि


此为试读，需要完整PDF请访问： www.ertongbook.com

बालकसँग आनन्दपूर्वक खेलिरहेका थिए। सुशील गई समाउन खोज्थ्यो। परेवा अलि पर गई बस्थे, सुशील फेरि उहीं पुग्थ्यो, परेवा फेरि उडेर अलिपर गई चर्न लाग्थे। सुभद्राको "को खाई" को आवाज सुनेर सुशील बीचबीचमा एक-दुई गाँस भात पनि खाएर जान्थ्यो।

देवीरमण फलैंचामा बसेर यो अनुपम आनन्दप्रद बालक्रीडा हेरिरहेका थिए। उनलाई स्वर्गको डीलबाट पितृहरू पनि यस कुलावलम्बको बाललीला हेरिरहेका होलान् भन्ने भान हुन्थ्यो। उनी यो शिशु सन्तानका आडमा एक महान् बलिष्ठ शक्ति लुकिरहेको देख्थे। सन्तानेच्छुक देवीरमणले आज यो दिन देख्न पाए। परिवर्तनशील संसारको गति विचित्र छ। परमेश्वर हाँस्नेलाई रुवाउँछन्, रुनेलाई हँसाउँछन्।

एक दिन सुशील तुलसीका मठनेर खेलिरहेको थियो। पिँढीबाट एकातिर लक्ष्मी एकातिर सुभद्राले हात थापेर "नानी कता, कता, कता" भने। सुशील एक क्षणपछि दगुर्दै गई सुभद्राको छातीमा टाँसियो। सुभद्राको हृदय पवित्र पुत्र वात्सल्यले परिपूर्ण भयो। "मेरो राजा" भनेर म्वाइँ खाइन्।

सुशीललाई लक्ष्मीले जन्म मात्र दिइन्, केवल सुभद्राले हुर्काइन्। सुभद्रालाई एकछिन छोड्दैनथ्यो। सुभद्रालाई "आमा" भन्थ्यो, आफ्नी आमालाई "दुलही" भन्थ्यो, किनकि लक्ष्मीलाई घरमा सबैजना "दुलही बज्यै" भन्थे।

-४-

माघ महीना थियो। किसानहरू बालीनाली थन्क्याई तीर्थ जाने फिक्रीमा थिए। देवीरमणलाई पनि तीर्थ गर्ने इच्छा भयो। मनमनले भने, "पग चल्दै तीर्थ बर्त नगरे कहिले गरुँला? मानिसहरू सम्पत्ति पाएर अन्धा बन्छन्। विवेक बुद्धिलाई खोपामा राखेर दिन-रात पैसाका निमित्त हाहाकार मच्चाइरहन्छन्। ती गोठालाहरूको सम्पत्ति एक दिन अग्नि या चोरका निमित्त हुन्छ। अघि गरेको हुँदो हुँ, अहिले एक मानाको सन्तोष छ। अहिले फेरि गर्न सके सन्तानका जरामा मल पर्ला। परत्र बन्ला।" इत्यादि विचार गरेर देवीरमण तीर्थ जान तयार भए। उनको एक्लै जाने विचार थियो; परन्तु गाउँका कैयन् बूढा बूढी, विधवा स्वास्नी मानिसहरू पनि तयार भए। देख्दा देख्दै देवीरमणका विशाल आँगन तीर्थयात्राका कुम्ले फौजले भरियो। गाउँका धेरै आइमाईहरू जान लागेको देखी लक्ष्मी पनि "जान्छु" भनेर जिद्दी गर्न लागिन्। सुशीलचाहिँ देवीरमणको दौराको फेर समातेर रून लाग्यो। यो बलिष्ठ बालहठलाई देवीरमणले उपेक्षा गर्न सकेनन्। आखिर लक्ष्मी र सुशीललाई पनि साथमा लिए। एक क्षणपछि त्यो तीर्थयात्रीको समूह, रानूको पछि माहुरी झैं देवीरमणको पछि लाग्यो। किन्तु सुभद्रालाई "जान्छ्यौ कि?" भनेर कसैले एक वचन पनि सोधेन।

सुभद्राले मनमनले भनिन्- "तीर्थबर्त गर्न मलाई पो लैजानुपर्थ्यो। मेरो को छ र, छोरा न छोरी! उसको उमेर थियो, जाँदै गर्दी हो। ऊ छोरो पाएकी स्वास्नी भई, वचन हार्न सक्नुभएन। म टेक्ने-समाउने केही नभएकी अनाथ; मेरो केको खोजी थियो! मानिस बलेकै आगो न ताप्छन्। जसलाई परमेश्वरले ठगेको छ, उसलाई मानिस पनि हेलाँ गर्छन्। ओहो! संसार पनि कति मतलबी छ!" यस्तै तर्क गर्दै सुभद्रा धेरै बेरसम्म एक्लै रोइरहिन्।

सुभद्राले बाह्र वर्षको उमेरदेखि देवीरमणको दैलो पोत्न लागिथिन्। यो घर सुभद्रालाई संसारमा

सबैभन्दा प्यारो वस्तु थियो। यी वस्तुभाउ यिनैको लालन-पालनमा बढेर तरूण भएका थिए। यो घर, यी वस्तुभाउ, यी रूख-वृक्ष सबै यिनै सन्तानहीन रमणीका साथी थिए। यिनीहरूसँगको वियोग सुभद्रा एक छिन पनि सहन सक्तिनथिन्। जान ता सुभद्रा जान्थिन् कि जाँदैनथिन्, एक वचन सोधेकोसम्म भए उनको आँशु पुछिने थियो। एक वचन सोधिसम्म दिनाले बखतमा कत्रो काम हुन्छ, त्यो कुरा मनोविज्ञान नजानेका देवीरमणलाई थाहा भएन।

मनोमालिन्यको एउटा सानो बीज चाहिन्छ जो समयमा बढेर आफ से आफ भयंकर रूप धारण गर्दछ। त्यस्तै लक्ष्मी तथा सुभद्राका जीवनमा पनि यो तीर्थयात्रा मनोमालिन्यको एउटा बीज हुन गयो।

तीर्थबाट फर्केदेखि दुवैमा बहुधा झगडा हुन लाग्यो। सुभद्राले कुनै प्रश्न गर्दा लक्ष्मी छेड हानेर उत्तर दिन्थिन्। बस, कुरै कुरामा हानथापबाट ठूलो कलह खडा हुन्थ्यो। देवीरमण चूपचाप भएर सुनिरहन्थे। लक्ष्मीलाई ताडना गरून् भने पुत्रबर्ती पत्नी, सुभद्रालाई ताडना गरून् भने धर्म तथा विवेकको हत्या ! के गरून्, सांसारिक सुखलिप्साको टर्रो आनन्दको अनुभव गरिरहेका थिए। त्यस बखतमा उनको त्यो प्रबल वाक्शक्ति हावा हुन्थ्यो। मानिसको पाण्डित्य अरूलाई उपदेश गर्नमा काम लाग्छ, न कि आफूलाई परिआउँदा।

यो प्रतिदिनको गृह-कलहले सुभद्राको कोमल हृदय कुसुम एकदम ओइलायो। उनी कारागारकी दु:खी बन्दी झैं भाग्ने मौका खोज्न लागिन्।

-५-

कालो अन्धकारमाथि पर्खी पर्खी कराउने हुचील पक्षीको विरसिलो "हुकहुक" शब्द थपिँदा रात्री झन् भयंकर प्रतीत हुन्थ्यो। पल्लो गाउँमा कुकुर भुकिरहेको थियो। पृथ्वीमा मानव जातिको दु:खमय अवस्था देखेर अनन्त आकाशमा तारागण पिलपिल गरी रोइरहेका थिए। सुभद्राले आँगनमा आएर हेरिन्, एक छिनपछि त्यो विशाल नभस्थलबाट एउटा लामो ज्योति सल्ल बगेर तलतिर खस्यो। किन्तु यो कालो पृथ्वीमा झर्न नपाउँदै बीचैमा लुप्त भयो। अघि शैशवकालमा एक पटक यस्तै दृश्य देखेकी थिइन्। उस बखत आमासँग सोद्धा "आकाशका देवगण हुन्, पुण्य सिद्धिनाले स्वर्गबाट पतन भएका" भन्ने जवाफ मिलेथ्यो। आज उही कुरा सम्झिन्, मनमनले भनिन्- "हो ! यो आकाशमा बसेर केही दिन पुण्यभोग गर्ने देवताका झैं म पनि आज सल्ल बगें। यिनीहरू पुण्य समाप्त भएपछि स्वर्गबाट चिप्लेर खस्छन्, हामी भोक, प्यास, दु:ख, पीरले निस्तेज तथा ढलमल भएर पृथ्वीमै खस्छौं। हामी खसिसकेपछिको वीभत्स रूप अरू शेष भोका, प्यासा, दु:खीहरूले देख्छन् ! देवताहरूचाहिं पुण्यभोगी हुनाले यो पापपूर्ण जगत्मा खस्नुपर्ला भनेर बीचैमा अलप हुन्छन्, मानिसहरूमा र देवतामा केवल यत्ति अन्तर न छ !"

सुभद्राले काखीमुनि एउटा सानो पोको च्यापेकी थिइन्। यस्तो अन्धकार रात्रीमा पनि कसैले देख्छ कि भनेर ओढ्नेले छोपेकी थिइन्। यस बखत उनको जीवनाधार त्यही सानो पोको हुन आयो। अहो ! कुनै बखत यो विशाल आशालता कसरी एउटा सानो ठाउँमा सीमित भएर बस्तछ ! परमेश्वर ! मनुष्यलाई किन आशामा झुण्डयायौ? प्रभु ! आशाको बदला सन्तोष दिएको भए यी अनाथ प्राणीहरू सुखका कति नजीकै पुगिसक्थे।

केही बेरपछि अश्रुपूर्ण नयनले प्यारो गृहलाई सदैवका निमित्त नमस्कार गरेर अनाथिनी सुभद्रा त्यो कालो अन्धकारमा विलीन भइन्। यो करुणाजनक दृश्य सधैं जागा भइरहने विश्वको चतुर चौकीदार बाहेक अरू कसैले देखेन।

-६-

पशुपतिनाथका मन्दिर वरिपरि तिल राख्ने ठाउँ थिएन। "सदबीउ" छर्ने यात्रुहरूको छिचोली नसक्ने घुइँचो थियो। यस्तैमा पश्चिम ढोकानिर अकस्मात् सुभद्रालाई देखेर नौलीले गहभरि आँसु पारेर भनी- "ओहो बजै ! हेर, कति दुब्ली, चिन्नै नसक्ने हुनुभएछ। अलिबेरसम्म त ठम्याउनै सकिनँ। कहाँ बस्नुभएको छ हँ? "

"खर्च-बर्च नलिइकन आधारातमा हिंड्नुभएछ। थाहा पनि पाइनँ। यतिका दिनसम्म के खाएर गुजारा गर्नुभयो? "

"फुपूलाई सरकारबाट एउटा हण्डी बक्सेको रहेछ, त्यसबाट दुई जनाले गुजारा चलाएका छौं। घरको हाल कस्तो छ नौली? "

"बजै, घरको हाल के भनूँ, सम्झँदा पनि आँसु आउँछ। छ महीना भो, दुलही बजै बिरामी हुनुहुन्छ।"

"के हुन्छ?" सुभद्राले साह्रै उत्सुकताका साथ सोधिन्।

"तपनी जरो छ, छाती दुख्छ भन्नुहुन्छ। रातभर खोकिरहनुहुन्छ। गोरखा मूलका डाक्डर सुबिदारलाई देखाउँदा थाइसी भने कि "खाक्सी" भने अहिले सम्झन सकिनँ। साह्रै नराम्रो रोग हो अरे। सुकेर हाडछाला मात्र छ। बोकेर बाहिर-भित्र गराउनुपर्छ।"

"सानो बाबु कस्तो छ नि?"

"कस्ता हुन्थे जीउभरि खटिरा छन्, तेल लाउन हुँदैन। आमा कहिले आउनुहुन्छ? भनेर बराबर तपाईंलाई सम्झिरहन्छन्।"

"भात को पकाउँछ नि?"

"कहिले बाजे आफैं पकाउनुहुन्छ, कहिले चमेना खाएर सुत्नुहुन्छ। एक दिन बार्दलीमा बसेर एक्लै रोइरहनुभएको रहेछ - आफूले चिनेको चौतारो पापिनीले आफैं भत्काएर गई, भन्नुहुन्थ्यो। के के भनूँ बजै ! वस्तुभाउका हाडछाला मात्र छन्। खेत बारी अधियाँमा दिएको छ। आसामी-पात एक पैसा उठ्दैन। नोकर-चाकर चार दिन टिक्दैनन्, सबै भताभुंग छ।"

नौलीका कुरा सुनेर सुभद्राको हृदय काटियो। मनमनै भनिन्- "छिः ! सौताको रीसले पोइको नाक काट्नु भनेको यही हो। उमेरदार थिई। के खाऊँ के लाऊँ भन्ने बेला थियो। मिठो खाई राम्रो लाई भनेर मैले चित्त दुखाउन नहुने। उसलाई लिएर तीर्थ जानुभो त त्यसले के भो र? फर्कनुभएपछि अर्को साथी लिएर म जाँदी हुँ। कहिलेकाहीं अलि झर्केर बोल्दथी लौ, अलि झडंगे स्वभावकी थिई। स्वभावै त्यस्तो; एक ठाउँमा भएपछि कहिले काहीं आमा छोरीमा पनि त ठाकठुक हुन्छ। एकै घरमा बस्न नसके कटेरो बारेर बस्दी हुँ। मैले सारै बेबुझको काम गरें। जोरीपारीले के भन्दा हुन्। आफ्नो त्यत्रो

दौलत छोडेर यहाँ एक छाक खाएर बसेकी छु। त्यसका जीउमा केही भइदियो भने त्यस चिचिलो बालकको के गति होला? पितृले के भन्लान्? चित्त दुखाए पनि आमाले दुखाई। त्यो बालकले कि बिरायो? अघि कहिलेकाहीं एक दुई छाक भात पकाउनुपर्दा दिक्क मान्नुहुन्थ्यो। आजकल दिनहुँ कसरी पकाउनुहुँदो हो?" इत्यादि मनोवेदनाले सुभद्राको हृदय छियाछिया भयो। आँसु झार्दै भनिन्- "नौली ! त्यस्ता बेलामा तैंले पनि छोडेर आइछेस् !"

"बजै! जन्मभर अर्काकी दासी भएर बस्नुपर्‍यो, चारोटा अक्षता भए पनि छरेर आऊँ भनेर बाजेसँग बीसै दिनको बिदा मागेर आएकी।"

"कोसँग आइस्?"

"रातमाटे भँडारी पण्डितकी जहानसँग।"

"कैले जान्छेस्?"

"भोलि बिहानै। बजै ! बिन्ती छ, घर जाऔं तपाईं, नभए बाजेको जहाजै डुब्छ।"

-७-

मैलो बिछ्याउनामा सुतेकी लक्ष्मी जीवनको शेष घडी गनिरहेकी थिइन्। देवीरमण रोगीका सिरानमा बसेर बखत-बखतमा चम्चाले पानी ख्वाउँथे। बालक-पुत्र सुशिल आमानेर बसेर यो चिर मातृवियोग हेरिरहेको थियो। लक्ष्मी कहिलेकाहीं सुशीलको मुखपट्टि हेरेर बरर आँसु झार्थिन्। मधुरो बत्तीको धमिलो प्रकाशमा रोगीको कोठा मसान जस्तो देखिन्थ्यो। त्यस्तैमा दैलो उघारेर नौलीले देवीरमणलाई ढोगिदिई। नौलीलाई देखेर देवीरमणको दुःखको लहरी केही शान्त भयो। देवीरमणले भने- "नेपालबाट कहिले आइपुगिस् नौली?"

"बाजे, आउँदैछु, दुलही बजैलाई कस्तो छ?"

"तेल त अघि नै सिद्धिसकेको थियो, अब बत्ती निभ्न बाँकी छ।"

"बाजे, यस बखतमा ठूली बजै भए सबै कुराको सम्भार हुने थियो, के गरूँ, जाऊँ भनेको मान्नुभएन।"

"के तैंले भेटिस् र?"

"पशुपतिनाथको मन्दिरनिर भेटेथें।"

"कस्ती थिई?"

"एकदम दुब्ली, मैला लुगा लगाएकी, मायालाग्दी।"

"कहाँ बसेकी रै छ?"

"गौरीघाट फुपूकहाँ बसेकी छु। फुपूलाई सरकारबाट एक हण्डी बक्सेको छ, त्यसैबाट दुई जनाले गुजारा चलाएका छौं, भन्नुहुन्थ्यो।"

देवीरमणका दुबै आँखाबाट आँसुका धारा बगे। मनमनले भने- "यत्रो सम्पत्तिकी मालिक्नी भईकन सुभद्रा नेपालमा एक छाक खाएर बसेकी छ। उसमा पनि दुब्ली, मैला लुगा लगाएकी, मायालाग्दी। हरे, परमेश्वर ! म पापी हुँ, मेरो जीवनलाई हजारबार धिक्कार छ। सुभद्रा मेरी गृहलक्ष्मी हो, ऊ गएदेखि

विपत्तीको बादलले घेरिरहेछ। हामीलाई नभए पनि यो बालक सन्तानलाई सम्झनुपर्ने, सबैलाई चटक्क बिर्सी " इत्यादि दुःखमनाउ गरेर आँसु झार्दै भने- "नौली, तँ आइछेस्, घरको सम्भार राखेस्, म भोलि बिहानै नेपाल जान्छु।"

त्यस्तैमा सुभद्रा घरभित्र पसिन्। अत्यन्त दुब्ली, निदाउरी, मलिन, झुत्रा लुगा लगाएकी, मुखमण्डलमा असीम करुणा तथा संयम झल्किरहेको थियो। सुभद्राको शारीरिक अवस्था देखेर देवीरमणको हृदय टुक्राटुक्रा भयो। दुवै हातले मुख छोपेर रुन लागे।

पतिलाई दण्डवत् गरेर सुभद्रा लक्ष्मीको सिरानमा बसिन्।

नौलीले भनी —"ओहो, बजै आइपुग्नुभयो?"

नौलीको स्वर सुनेर लक्ष्मीले आँखा उघारिन्। सुभद्रालाई आफ्ना सिरानमा बसेको देखेर सुस्तरी लर्बरिएको स्वरले भनिन् — "दिदी ! तपाईंको दर्शनलाई एक मुठी सास मुस्किलले झुन्डिरहेको छ।"

लक्ष्मीको वचन सुनेर सुभद्राको हृदयको मैलो एकदम साफ भयो, भनिन् —"बाबु, मैले आफ्नो कर्तव्य बिर्सिछु।"

लक्ष्मीले सुभद्राको छातीतिर देखाएर भनिन् —"त्यहाँ साह्रै कडा चोट लागेको छ।"

सुभद्राले आँसु झार्दै भनिन्- "निको भो बा, अस्ति नै निको भइसक्यो। सानो तिलको दाना जति पनि बाँकी छैन।"

त्यसपछि "दिदी, तपाईंको नासो !" भनेर लक्ष्मीले सुशीलको हात सुभद्राको काखमा राखिदिइन्। छोरालाई काखमा लिएर सुभद्रा रुन लागिन्। यी सबै सुभद्राका निमित्त जिन्दगीभर सम्झँदै रुँदै गर्ने खुड्काहरू थिए।

निभ्ने बेलाको बत्ती झैं लक्ष्मीको मुख एक क्षणका निमित्त तेजोमय भयो। अनि पछि अन्धकार ! लक्ष्मी यो दुःखमय संसारलाई छोडेर अनन्तमा पुगिन्। देवीरमण नौलीहरू पनि रुन लागे।

## 生词注释（विशेष शब्दार्थ）

| | | |
|---|---|---|
| नासो | （ना.） | 抵押，寄放 |
| चञ्चला श्री | （ना.） | चञ्चला: लक्ष्मी, श्री: धन-सम्पत्ति 二者合指家财殷富 |
| चौतारो | （ना.） | 大树底部供人休息的露台 |
| चिन्नु | （स.क्रि.） | 修建，堆砌 |
| हरिवंश पुराण | （ना.） | 《诃利世系往世书》 |
| कोख | （ना.） | गर्भाशय |
| जोरीपारी | （ना.） | 竞争对手 |
| ठोकाबाजी | （ना.） | होडबाजी |
| अपूतो | （वि.） | पुत्र नभएको 无子嗣的 |

| | | |
|---|---|---|
| आत्मग्लानि | (ना.) | 灰心，丧气，沮丧 |
| बैभव | (ना.) | सम्पत्ति |
| बूटी | (ना.) | 草药 |
| जन्तर | (ना.) | 巫术 |
| भाकल | (ना.) | 许愿 |
| पतिपरायणा | (वि.) | 忠于丈夫的 |
| सौता | (ना.) | 妾 |
| कृतघ्न | (वि.) | 忘恩负义的 |
| सिरेटो | (ना.) | चिसो हावा, बतास 寒风 |
| छेड्नु | (स.क्रि.) | 穿透 |
| ऋचा | (ना.) | 祭文，祷词，咒语 |
| आहुति | (ना.) | 向火中投祭的酥油、黍、芝麻等祭品 |
| प्रारब्ध | (ना.) | भाग्य |
| पाणिग्रहण | (ना.) | 牵手仪式（结婚时新娘的父亲将新娘的手交到新郎手中） |
| कृत्य | (ना.) | 〈宗〉仪式 |
| अबोध | (वि.) | 懵懂无知的 |
| आकाशमा कल्पनातीत मनोमन्दिर | (ना.) | 空中楼阁 |
| मृगतृष्णा | (ना.) | 虚幻景象 |
| अस्तु | (सं.) | जे होस्, जेसुकै होस् |
| अन्माउनु | (स.क्रि.) | 迎娶 |
| डोली | (ना.) | 轿子 |
| बरियात | (ना.) | जन्ती 迎亲队伍 |
| लालसा | (ना.) | अभिलाषा, प्रबल इच्छा 欲望 |
| डोले | (ना.) | 轿夫 |
| गद्गद | (वि.) | हर्षित, प्रसन्न 开心的，心情舒畅的 |
| पानस | (ना.) | 灯台 |
| कडुवाको तेल | (ना.) | 芥子油 |
| दोलाइ | (ना.) | पातलो सिरक 薄被子 |
| खाप्नु | (स.क्रि.) | 叠加，覆盖 |
| घर्तिनी | (ना.) | 女加尔蒂人（“加尔蒂人”是从奴隶中解放出来的一个群体，已失去原有种姓） |
| विधाता | (ना.) | ईश्वर |
| बह | (ना.) | मनको पीर 心头之患 |



此为试读，需要完整PDF请访问：www.ertongbook.com